आज मिति २०८१/०७/२० गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| क.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | Shanti | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. वालमैत्री कार्यक्रम सम्वन्धमा ।

३. धन्यवाद व्यक्त गर्ने सम्वन्धमा ।

४. UCLG /ASPAC कार्यक्रमको जानकारी सम्वन्धमा ।

५. अख्तियारी दिने सम्वन्धमा ।

६. बालमैत्री वडा घोषणा गर्ने सम्वन्धमा ।

७. नारायणस्थान स्वास्थ्य चौकीको आधुनिक भवन निर्माणको लागि योजना माग गर्ने सम्वन्धमा ।

८. Clean Baglung अभियान सम्वन्धमा ।

९. सर्वोच्च अदालतको अन्तरिम आदेश खारेजीको जानकारी सम्वन्धमा ।

१०. नगर अस्पतालमा एक्सरे टेक्नीसियनको पदपूर्तिको प्रकृया अगाडि बढाउने सम्वन्धमा ।

११. मुद्धाको प्रतिरक्षा गर्नको लागि अधिकार प्रत्यायोजन गर्ने सम्वन्धमा ।

१२. पाठ्यक्रम स्वीकृत गर्ने सम्वन्धमा ।

१३. सहमति प्रदान गर्ने सम्वन्धमा ।

१४. उच्च शिक्षा अध्ययनको लागि अनुमति प्रदान गर्ने सम्वन्धमा ।

१५. आर्थिक सहायता सम्वन्धमा ।

१६. विविध सम्वन्धमा ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा बागलुङ नगरलाई वालमैत्रीयुक्त नगर घोषणा गर्नको लागि हाल सम्म सम्पन्न गरेका क्रियाकलापहरुको शन्दर्भमा जानकारी लिने दिने कार्य सम्पन्न भयो । हालसम्म सम्पन्न क्रियाकलापहरु सन्तोषजनक रहेको पाईयो । बालमैत्री कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) बालमैत्री वडा घोषणाको कार्यक्रम तालिका एउटै प्रकृतिको हुने तर उक्त कार्यक्रममा वडाले आ-आफ्ना ईभेन्ट राख्न सक्ने गरी कार्यक्रम तालिका निर्माण गर्ने निर्णय गरियो ।

(ख) बाल अधिकारको शन्दर्भमा ECD का शिक्षिकाहरुलाई आवश्यक तालिम संचालन गर्ने ।

(ग) बालमैत्री नगर घोषणाको क्रममा साँस्कृतिक कार्यक्रमहरु समेत समेटिने हुँदा विद्यालयका विद्यार्थीहरुलाई आवश्यक तालिम संचालन गर्ने ।

(घ) विद्यालयहरुलाई डेक्स बेन्चको मापदण्ड पुरा गरी डेक्सवेन्च निर्माण गर्न लगाउने ।

**निणर्य नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बागलुङ नगरपालिकाले आ.व. ०८०/०८१ मा सम्पन्न गरेका क्रियाकलापहरुको शाखागत प्रस्तुतिकरण सहितको बार्षिक समिक्षा सम्पन्न भएको हुँदा सम्पूर्ण शाखा प्रमुखहरुलाई धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

**निणर्य नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बागलुङ नगरपालिका UCLG ASPAC को सदस्य भएको कारण छिमेकी देश चिनको संघाईमा भएको कार्यक्रममा नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठ र प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेलले आफ्नो व्यक्तिगत खर्चमा सहभागिता जनाउनु भएको सम्वन्धमा जानकारी दिने कार्य सम्पन्न भयो ।

**निणर्य नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा साना शहरी खानेपानी तथा सरसफार्य आयोजना अन्तर्गत सञ्चालन भईरहेको खानेपानी तथा सरसफाई आयोजनाको नगर विकास कोष र उपभोक्ता संस्था वीच हुने ऋण सम्झौतामा धन जमानीमा हस्ताक्षर गर्नको लागि कार्यपालिकाको मिति २०८१/०४/२४ को बैठकबाट यस कार्यालयका सव-ईन्जिनियर श्री सुरज श्रेष्ठलाई अख्तियारी दिने निर्णय गरेता पनि हाल निज सुरज श्रेष्ठको कार्यव्यस्तताको कारण उपस्थित हुन नसक्ने अवस्था सृजना भएको हुँदा आजको कार्यपालिका बैठकबाट निज सुरज श्रेष्ठको सट्टामा यस कार्यालयका ईन्जिनियर श्री गौरव शर्मालाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्तव नं. ६ माथि छलफल गर्दा बागलुङ नगरपालिकालाई बालमैत्री युक्त नगर घोषणाको लागि सम्पूर्ण सुचक पुरा गरी मिति २०८१ पौष २९ गते भित्र बालमैत्री नगर घोषणा गर्ने गरी कार्यपालिका र नगरसभाको निर्णय बमोजिम हाल सम्पूर्ण वडाहरुले न्यूनतम सूचक पुरा गरी बालमैत्री वडा घोषणाका लागि यस कार्यालयमा निर्णयका लागि निवेदन पेश गरेको हुँदा न्युनतम सुचक पुरा गरेका वडा नं. १,

२, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ नं. वडाहरुलाई फाईल व्यवस्थापनको कार्य पुरा गर्न लगाई यथासक्य छिटो बालमैत्री वडा घोषणा गर्ने निर्णय गरियो ।

निणर्य नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १४ स्थित नारायणस्थान स्वास्थ्य चौकीको आधुनिक भवन नभएको कारण स्वास्थ्य सेवा प्रवाहमा समस्या भएको हुँदा हाल प्रचलनमा रहेको आधुनिक मापदण्ड अनुसारको स्वास्थ्य चौकी भवन निर्माणको लागि संघ तथा प्रदेश मन्त्रालयहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

निणर्य नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाद्धारा हाल संचालनमा रहेको Clean Baglung अभियानलाई मुर्तरुप दिनको लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) मालढुंगा स्थित ल्याण्डफिल साईटमा रहेको फोहरलाई स्थानान्तरण गर्ने ।

(ख) बजार क्षेत्रको सम्पूर्ण घर/पसलमा पुग्ने गरी कम्तीमा १५ हजारको संख्यामा पुग्ने गरी ३ प्रकारबा बाल्टी खरिद गरी दुई प्रकारका बाल्टी निःशुल्क वितरण गर्ने र १ वटा बाल्टीको रु ४५० शुल्क लिई राजश्वमा आम्दानी गर्ने गरी कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा विगत दुई बर्ष देखी कालिगण्डकी नदिबाट प्राप्त हुने दहत्तर बहत्तर संकलन तथा बिक्रिमा रोक लगाउने गरी सम्मानीत सर्वोच्च अदालतबाट भएको अन्तरिम आदेश सर्वोच्च अदालतको इजलासबाट खारेज भएको र अवउप्रान्त दहत्तर बहत्तर शुल्कको लागि बाटो खुलेको सम्वन्धमा जानकारी दिने कार्य सम्पन्न भयो ।

निर्णय नं. १०

प्रस्तव नं. १० माथि छलफल गर्दा बागलुङ नगर अस्पतालको लागि एक्स-रे मेसीन प्राप्त भएको हुँदा नगरपालिकाको स्वीकृत संगठन संरचना दरवन्दी बमोजिम एक जना रेडियोग्राफर नियुक्तिको लागि प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्तव नं. ११ माथि छलफल गर्दा का.जि.कामनपा वडा नं. ११ अनामनगर स्थित करपोरेट कार्यालय रहेको शिवं सिमेन्ट प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. कम्पनिका प्रशासन शाखा प्रमुख राजेन्द्र कुमार शर्मा रिट निवेदन र प्रत्यार्थी बागलुङ नगरपालका नगर कार्यपालिकाको कार्यालय समेतका उपर सम्मानीत सर्वोच्च अदालतमा दायर भएको उत्प्रेषण परमादेश (०८१-WO-०३७२) रिट निवेदन उपर

लेखि पेश गर्न वा सो को प्रतिरक्षा गर्नको लागि साविक सुरी गाविस वडा नं. ८ को परिवर्तित ठेगाना गौरीशंकर गाउपालिका वडा नं. ५, दोलखा निवासी कुमार बस्नेत (ना.प्र.प.नं. १४९७/११९७) लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निणर्य नं. १२

प्रस्तव नं. १६ माथि छलफल गर्दा १५ औं नगरसभाको निर्णय बमोजिम नगर प्रहरी सहायक निरिक्षक ( असई) १ (एक) र जवान ४ (चार) पदको लागि मिति २०८१/०४/२७ र २०८१/०४/२९ मा प्रकाशन गरेको विज्ञापन बमोजिम नगरप्रहरी सहायक निरिक्षक र जवान सेवा करारमा नियुक्ति गर्नको लागि देहाय बमोजिमको पाठ्यक्रम स्वीकृत गरी छनौट प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालय, बागलुङमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

(क) पाठ्यक्रम

**पद** : नगर प्रहरी सहायक निरिक्षक र जवान, **सेवा** : प्रशासन, **समुह** : विविध,

| सि.नं. | विवरण | अंकभार | | कैफियत |
|---|---|---|---|---|
| | | असई | जवान | |
| १ | प्रारम्भीक स्वास्थ्य परिक्षण | ० | ० | अनिवार्य उर्तिण हुनु पर्ने |
| २ | प्रारम्भीक शारिरिक परिक्षण | ० | ० | अनिवार्य उर्तिण हुनु पर्ने |
| ३ | शारिरिक तन्दुरुस्ती | ५० | ५० | |
| ४ | लिखित | २५ | २५ | |
| ५ | अर्न्तवार्ता | २५ | २५ | |
| | **जम्मा** | १०० | १०० | |

**(ख) प्रारम्भीक स्वास्थ्य परिक्षण :**

| सि.नं. | विवरण | कैफियत |
|---|---|---|
| १ | आँखा + - २ भन्दा बढी कमजोर नभएको । | मेडिकल रिर्पोटबाट पुष्टी भएको हुनु पर्ने । |
| २ | रगत परिक्षणमा मधुमेह नभएको । | मेडिकल रिर्पोटबाट पुष्टी भएको हुनु पर्ने । |
| ३ | अश्वाभाविक शारिरिक बनौट नभएको । | मेडिकल रिर्पोटबाट पुष्टी भएको हुनु पर्ने । |

**(ग) प्रारम्भीक शारिरिक परिक्षण**

| सि.नं. | विवरण | पुरुष | महिला |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | उचाई | ५ फिट २ ईन्च | ५ फिट |
| २ | छाती नफुलाउदा | ३१ ईन्च | नियमानुसार |
| ३ | छाती फुलाउदा | ३३ ईन्च | नियमानुसार |
| ४ | तौल | ५० के.जि. | ४२ के.जि. |

(घ) शारिरिक तन्दुरुस्ती

(१) १००० मिटर दौड

| १००० मिटर दौड पार गर्नु पर्ने समय | | | प्राप्त गर्ने अंक |
|---|---|---|---|
| सेवा निवृत | महिला | नयाँ प्रवेशी | |
| ४.०० मिनेट भित्र पार गरेमा | ४.३० मिनेट भित्र पार गरेमा | ३.०० मिनेट भित्र पार गरेमा | १० |
| ४.१५ मिनेट भित्र पार गरेमा | ४.४५ मिनेट भित्र पार गरेमा | ३.१५ मिनेट भित्र पार गरेमा | ९.५ |
| ४.३० मिनेट भित्र पार गरेमा | ५.०० मिनेट भित्र पार गरेमा | ३.३० मिनेट भित्र पार गरेमा | ९ |
| ४.४५ मिनेट भित्र पार गरेमा | ५.१५ मिनेट भित्र पार गरेमा | ३.४५ मिनेट भित्र पार गरेमा | ८.५ |
| ५.०० मिनेट भित्र पार गरेमा | ५.३० मिनेट भित्र पार गरेमा | ४.०० मिनेट भित्र पार गरेमा | ८ |

(२) पुस अप

| सेवा निवृत | महिला | नयाँ प्रवेशी | प्राप्त गर्ने अंक |
|---|---|---|---|
| ७ पटक | ६ पटक | १० पटक | ८ |
| ६ पटक | ५ पटक | ९ पटक | ७.५ |
| ५ पटक | ४ पटक | ८ पटक | ७ |
| ४ पटक | ३ पटक | ७ पटक | ६.५ |
| ३ पटक | २ पटक | ६ पटक | ६ |

(३) पुल अप

| सेवा निवृत | महिला | नयाँ प्रवेशी | प्राप्त गर्ने अंक |
|---|---|---|---|
| लगातार ४ पटक भन्दा बढी | लगातार २ पटक | लगातार ५ पटक | ८ |
| लगातार ३ पटक सम्म | १ पटक | लगातार ४ पटक | ७ |
| लगातार २ पटक सम्म | १ मिनेट सम्म झुण्डीने | लगातार ३ पटक | ६ |

(४) सिट अप

| सेवा निवृत | महिला | नयाँ प्रवेशी | प्राप्त गर्ने अंक |
|---|---|---|---|
| लगातार १४ पटक सम्म | लगातार ६ पटक सम्म | लगातार १८ पटक सम्म | ८ |

| | | | |
|---|---|---|---|
| लगातार १३ पटक सम्म | लगातार ५ पटक सम्म | लगातार १७ पटक सम्म | ७.५ |
| लगातार १२ पटक सम्म | लगातार ४ पटक सम्म | लगातार १६ पटक सम्म | ७ |
| लगातार ११ पटक सम्म | लगातार ३ पटक सम्म | लगातार १५ पटक सम्म | ६.५ |
| लगातार १० पटक सम्म | लगातार २ पटक सम्म | लगातार १४ पटक सम्म | ६ |

(५) लङ जम्प

| सेवा निवृत | महिला | नयाँ प्रवेशी | प्राप्त गर्ने अंक |
|---|---|---|---|
| ८ फिट | ७ फिट | १० फिट | ८ |
| ७.५ फिट | ६.५ फिट | ९.५ फिट | ७.५ |
| ७ फिट | ६ फिट | ९ फिट | ७ |
| ६.५ फिट | ५.५ फिट | ८.५ फिट | ६.५ |
| ६ फिट | ५ फिट | ८ फिट | ६ |

(६) हाई जम्प

| सेवा निवृत | महिला | नयाँ प्रवेशी | प्राप्त गर्ने अंक |
|---|---|---|---|
| ३.५ फिट | ३ फिट | ४ फिट | ८ |
| ३ फिट | २.५ फिट | ३.५ फिट | ७ |
| २.५ फिट | २ फिट | ३ फिट | ६ |

(ङ) लिखित परिक्षाको किसिम बस्तुगत बहुउत्तर हुनेछ ।

ठिक बेठिक छुट्टयाउने प्रश्न, जोडा मिलाउने प्रश्न, खालि ठाँउ भर्ने प्रश्न

(च) प्रारम्भीक स्वास्थ्य परिक्षण र प्रारम्भीक शारिरिक परिक्षणमा उर्तिण भएका उम्मेद्वार मात्र शारिरिक तन्दुरुस्ती परिक्षामा सामेल हुन सक्नेछन । शारिरिक तन्दुरुस्ती परिक्षा उर्तिण भए पश्चात मात्र लिखित परिक्षा र लिखित परिक्षा उर्तिण भए पश्चात मात्र अर्न्तवार्तामा सामेल हुन सक्नेछन ।

निणर्य नं. १३

प्रस्तव नं. १३ माथि छलफल गर्दा लोक सेवा आयोग, बागलुङको सिफारिस बमोजिम मिति २०७६/१२/०६ गते बागलुङ नगर कार्यपालिकाको कार्यालय, बागलुङमा ईन्जिनियरिङ सेवा, सिभिल समुह, जनरल उपसमुह, सहायक स्तर चौथो अ.सब-ईन्जिनियर पदमा स्थायी नियुक्ति लिई दोहोरो सहमतिको आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/०९/१५ को निर्णयानुसार चन्दननाथ नगरपालिका, जुम्लामा कामकाज सरुवा भै जानु भएका जगतराज डाँगी (कर्मचारी संकेत नं. २४१४७६) ले हाल कामकाज गरिरहेको नगरपालिकामा पदाधिकार रहने गरी

कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १३६ (२) मा व्यवस्था भए बमोजिम सहमति माग गर्नु भएको हुँदा निजलाई निजले हाल कामकाज गरिरहेको चन्दननाथ नगरपालिका, जुम्लामा पदाधिकार रहने गरी नियमानुसार पदस्थापन हुनको लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निणर्य नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको कार्यालय, बागलुङमा असिस्टेन्ट सव-ईन्जिनियर (चौथो तह) मा कार्यरत समृता घर्तिले कार्यालयको कामलाई बाधा नपर्ने गरी कार्यालयलाई उपयुक्त हुने विषयमा उच्च शिक्षा अध्ययनको अनुमति पाँउ भनि यस कार्यालयमा निवेदन दिनु भएको हुँदा निजलाई कार्यालयको काममा बाधा नपर्ने गरी नीजि खर्चमा उच्च शिक्षा अध्ययनको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निणर्य नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको कार्यालय, बागलुङमा पेश हुन आएका आर्थिक सहायताको निवेदन सम्वन्धमा देहाय बमोजिम हुने गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| सि.नं | माग गर्ने सस्थाको नाम | रकम रु | प्रयोजन |
|---|---|---|---|
| १. | नेपाल परिवार नियोजन संघ, बागलुङ | ३०,०००। | नेपाल परिवार नियोजन संघको ४२ औं केन्द्रीय सभा संचालनको लागि । |
| २. | नेपाल भाषा मंकाः खल | ४०,०००। | नेपाल सम्वत ११४५ को कार्यक्रम संचालनको लागि । |
| ३. | जेसीआई, बागलुङ । | ३०,०००। | जेसीज सप्ताहको कार्यक्रमको लागि । |